# दार्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### फारुलाचौर सल्यान कर्णाली प्रदेश, नेपाल

## झोलुंगे पुलको निर्माण सामग्री आपूर्तिसम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना !

प्रथम पटक प्रकाशित मिति: २०७६।०७।२५

१. यस गाउँपालिका अन्तर्गत तपसिलका झोलुंगे पुल निर्माण सामग्रीहरु आपूर्ति कार्यका लागि नेपालमा रहेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय पूर्वाधार विभागबाट जारी गरिएको मौजुदा सूचीमा रहेका आधिकारिक उत्पादक कम्पनीहरुले मात्र देहाय बमोजिमका शर्तहरुको अधीनमा रही रीतपूर्वक शिलबन्दी दरभाउपत्र खरीद गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | विवरण | लागत रकम भ्याट बाहेक रु. | बोलपत्र फाराम रकम दस्तुर | जमानत रकम रु. |
|---|---|---|---|---|
| DRM-GOODS-NCB-5-076/077 | Fabrication of suspended bridge in Khaltakuri, Salyan. | ८३०९१३.९३ | १००० | २८१६८ |
| DRM-GOODS-NCB-6-076/077 | Fabrication of suspended bridge in Silingi, Salyan. | १५७४८५८.४२ | १००० | ५३३८८ |

२. सूचना प्रकाशित भएको मितिदेखि १५औं दिन अर्थात २०७६।०८।९ गतेसम्म कार्यालय समयभित्र बोलपत्रदाताले अध्यावधिक गरेको फर्म, कम्पनी वा संस्था दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजतपत्र, मूल्य अभिवृद्धि कर (VAT) मा दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर(PAN) को प्रमाणपत्र आ.व. सम्मको कर चुक्ता गरेको प्रमाणपत्र वा आ. व. २०७५/०७६ को कर/आय विवरण पेश गरेको प्रमाणपत्र यस कार्यालयमा शिलबन्दी बोलपत्र खरीद तथा दाखिला गर्न (तोकिएको ढाँचा अनुसार) का प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु निवेदन साथ पेश गरी नियमानुसार लाग्ने (फिर्ता नहुने) नबिल बैंक लिमिटेड, शाखा कार्यालय, दार्मा फारुलाचौर, सल्यानमा रहेको राजश्व खाता नं. ०७३०१०१७५०००५ मा रकम जम्मा गरी शिलबन्दी बोलपत्र फाराम यस कार्यालयबाट खरीद गर्न सकिनेछ ।

३. खरीद गरिएका बोलपत्र फारामहरुको महलहरु बोलपत्रदाताले स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहीछाप गरी सूचना प्रकाशित भएको मितिदेखि १६ औं दिन अर्थात २०७६।०८।१० गते १२:००बजेभित्र यस कार्यालयमा उपस्थित भई शिलबन्दी बोलपत्र दर्ता गरिसक्नु पर्नेछ ।

४. बोलपत्र दाखिला गर्दा बोलपत्र जमानत वापतको रकम यस कार्यालयको नबिल बैंक लिमिटेड, शाखा कार्यालय, दार्मा फारुलाचौर, सल्यानमा रहेको धरौटी खाता नं. ०७३०१०१७५००००९ मा दाखिला गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानीपत्र (Unconditional Bid Bond) शिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत वापतको बैंक भौचर, रसिद वा बैंक जमानीपत्र यो सूचना प्रकाशित भएको मितिपछिको हुनु पर्नेछ ।

५. दर्ता हुन आएका शिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा शिलबन्दी बोलपत्र दाखिला गर्ने अन्तिम दिन अर्थात २०७६।०८।१० गते दिउँसो २:०० बजे शिलबन्दी बोलपत्र फाराम खरीद गर्ने तथा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदापछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६. रीत नपुगेका र म्याद नाघी आएका शिलबन्दी बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

७. दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. बोलपत्रसम्बन्धी अन्य शर्तहरु शिलबन्दी बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

९. अन्य कार्यविधिहरु सार्वजनिक खरीद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ (संशोधन समेत) अनुसार साथै नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछन् ।

१०. अन्य थप केही कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

**नोट** : Fabricated गरेकोले मात्र दरभाउपत्र खरीद गर्न सकिनेछ (कम्पनी Fabricated मा सूचीकृत भएको हुनुपर्नेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**